# माछापुच्छ्रे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की

# सडक उपयोग कर ठेक्का सम्बन्धी सूचना

**तेश्रो पटक प्रकाशित मितिः २०७५।४।१७**

यस गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ मा गाउंपालिकाको अधिकार क्षेत्र अन्तर्गत गाउंपालिकाले सेवा सुविधा उपलव्ध गराउने वा त्यस्तो सुविधा उपयोग गरे वापत लाग्ने सेवा शुल्क उठाउने व्यवस्था भए बमोजिम आन्तरिक आय बृद्धि गर्न उद्देश्यले ( ठेक्का बन्दोबस्ती ) गर्ने प्रयोजनको लागि तोकिएको न्युनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार छुट्टा छुट्टै दरभाउपत्र खरिद गरि रीतपुर्वक सिलबन्दि दरभाउपत्र पेश गर्न ७ (सात) दिने सुचना पुनः प्रकाशन गरिएको छ ।

**शर्तहरु :**

१. सिलबन्दी कोटेशनको लागि फर्म रु. १०००। एक हजार तिरी ( फिर्ता नहुने ) कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२. दरभाउ पत्र फर्म खरिद गर्दा आ.व. २०७४/०७५ सम्मको नविकरण तथा चालु आ.व को लागि मान्यता प्राप्त भएको फर्म वा कम्पनीको दर्ता प्रमाण पत्र, स्थायी लेखा दर्ता नं.को प्रमाणपत्र, साथै आ.व २०७३/०७४ को करचुक्ता विवरणको प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

३. दरभाउपत्र फर्म यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औ दिनसम्म कार्यालय समय भित्र गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ । बिक्री भएका फर्म सूचना प्रकाशित भएको मितिले आठौं दिनको १२.०० बजे भित्रदरभाउपत्र दाताले खाम बाहिर यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं. उल्लेख गरि, फर्मको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई शिलबन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गराउन सकिनेछ ।

४. दर्ता भएका शिलबन्दी दरभाउपत्र फर्मको प्रतिनिधिहरुको रोहवरमा आठौं दिनको २:३० बजे खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र दर्ता गर्ने तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ ।

५. दरभाउपत्र फारम भर्दा सबै विवरण खुलाई कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेकोमा अक्षरलाई मान्यता दिइनेछ ।

६. शिलबन्दी दरभाउपत्र साथ कबोल गरेको जम्मा अंकको पाँच प्रतिशतले हुन आउने रकम जमानत बापत यस कार्यालयको नाउंमा रा.बा.बैंक पोखरामा रहेको धरौटी खाता नं ३०२०३०३००७१०५ मा जम्मा गरेको सक्कल बैक भौचर वा यस कार्यालयको नाउँमा जारी भएको नियमानुसारको बैक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

७. रित नपुगेको सिलबन्दि दरभाउपत्र वा कुनै शर्तहरु राखी दर्ता भएको दरभाउपत्र स्वीकृत गरिने छैन ।

८. सम्झौताको समयमा कबोल गरेको रकममा मु.अ.कर र आय कर समेत एकमुष्ठ कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

९. यस सम्बन्धमा अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. अन्य थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्का नाम, विवरण | आ.व. २०७५।०७६ को लागि न्युनतम रकम रु. | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | ६/२०७४/०७५ | मर्दीपुल-माछापुच्छ्रे,लुम्रे, अस्ताम -धिताल | २५०,०००।- | १०००।- |
| २ | ७/२०७४/०७५ | घट्टेखोला-धम्पुस देउराली -बांसकोट | ११०,०००।- | १०००।- |
| ३ | ८/२०७४/०७५ | सार्दीखोला- भुर्जुङ्गखोला | १५०,०००।- | १०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**